annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक २९२ पृष्ठ ८ | काठमाडौं, मंगलबार १३ फागुन २०८१ | फाल्गुन कृष्णपक्ष द्वादशी, नेपाल संवत् ११४५ | TUESDAY, FEBRUARY 25, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# २ अर्बको केरा उत्पादन, विदेश छोडेका युवाको आकर्षण

**स्वदेशमा रोजगारी नभएको भन्दै हरेक दिन सयौं युवा बिदेसिन्छन् । तर, कैलालीमा भने केही युवा केराखेतीबाटै मनग्य आर्जन गरिरहेका छन् । विदेशबाट फर्केका युवासमेत केराखेतीमा लागेका छन् । राम्रो कमाई र बजारका कारण कैलालीमा केराखेती फस्टाउँदै गएको छ । गत वर्ष २ अर्ब बढी रुपैयाँको ३० हजार मेट्रिक टन केरा उत्पादन भएको कृषि ज्ञान केन्द्रको अनुमान छ ।**







# जिप दुर्घटनामा २ को मृत्यु, ५ घाइते

**अर्जुन कार्की** | *बागलुङ*

बागलुङको बडिगाड गाउँपालिका-९ मा पिकअप जिप दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ। ५ जना घाइते भएका छन्।

सोमबार बडिगाड गाउँपालिका-७ भीमगिठेदेखि वडा नं. ९ दर्लिङको खहरे जाँदै गरेको लु ३ च ५५६९ नं. को पिकअप जिप दर्लिङको सार्किपाटामा दुर्घटना हुँदा निसिखोला गाउँपालिका-७ चोलाङका ७५ वर्षीय खड्कबहादुर कुँवर र ढोरपाटन नगरपालिका-५ नाथुरेकी ३५ वर्षीया जुना कँडेलको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय बागलुङका प्रहरी नायव उपरीक्षक (डीएसपी) विजय यादवले बताए।

दुवै जनाको बुर्तिबाङ अस्पतालमा उपचारको क्रममा निधन भएको डीएसपी यादवले बताए।

दुर्घटनामा बडिगाड गाउँपालिका-९ का ६३ वर्षीया तेजकुमारी बुढा टाउको गम्भीर घाइते भएकी छिन्। उनलाई बुर्तिबाङ अस्पतालमा प्राथमिक उपचारपछि थप उपचारका लागि गण्डकी अस्पताल पोखरा रिफर गरिएको छ।

यस्तै बडीगाड गाउँपालिका-९ खहरेकी ५० वर्षीया निमसरा बुढा, ५२ वर्षीया यमकुमारी पौडेल, ३० वर्षीया सीता पौडेल र सवारी चालक बडिगाड गाउँपालिका-९ दर्लिङका २३ वर्षीय हिमाल घर्ती घाइते भएका छन् । घाइते निमसरा बुढा र यमकुमारी पौडेलको अवस्था मध्यम रहेको छभने सीता पौडेल र हिमाल घर्तीको अवस्था सामान्य रहेको प्रहरीले जनाएको छ। उनीहरूको बर्तिबाङ अस्पतालमा उपचार भइरहेको डीएसपी यादवले बताए।

सवारी चालक घर्तीलाई प्रहरीले नियन्त्रणमा लिएको छ। जीप उकालोमा ब्रेक फेल भई सडकदेखि ५०/६० मिटर तल खसेको प्रहरीले जनाएको छ।

# जर्मनीमा कन्जर्भेटिभ पार्टीको जित, सरकारका लागि बहस सुरु

**काठमाडौं** (एजेन्सी) : जर्मनीमा आइतबार भएको मतदानबाट फ्रिडरिक मर्ज नेतृत्वको कन्जर्भेटिभ पार्टीले आमनिर्वाचनमा प्रतिस्पर्धी दलहरूलाई धेरै अन्तरले पछि पार्दै जित हासिल गरेको छ। कन्जर्भेटिभ पार्टीले २८.५२ प्रतिशत मत ल्याई कुल ६३० सिटमध्ये २०८ सिट जितेको छ। क्रिश्चयन डेमोक्र्याट्स (सीडीयू) सबैभन्दा ठूलो दल बने पनि उक्त दलले अपेक्षा गरिएको अर्थात् ३० प्रतिशतभन्दा कम मत पाएको हो।



जर्मनीको यो पटकको निर्वाचनमा ८३ प्रतिशत मतदान भएको छ। सन् १९९० मा पुन: एकीकरण भएयताको यो सबैभन्दा धेरै मतदान हो। जर्मनीमा मतदानका लागि पाँच करोड ९२ लाख मानिसहरू योग्य थिए। तीमध्ये दशौं लाखले चुनावको दिन अघि नै हुलाकमार्फत आफ्नो मत व्यक्त गरिसकेका थिए।

चरम दक्षिणपन्थी दल 'अल्टर्नेटिभ फर जर्मनी' (एएफडी) दोस्रो ठूलो दल बनेको छ। यो दलले २० प्रतिशत मत पाएको छ। 'आज रातभरि हामी उत्सव मनाऔं, भोलि बिहानैबाट काम गर्नु छ,' मेर्ट्सले खुसी मनाइरहेका आफ्ना समर्थकहरूलाई बर्लिनमा सम्बोधन गर्दै भने। उनले आफ्नो अगाडि देखिएका जिम्मेवारीबारे आफू जानकार रहेको बताए।

प्रतिस्पर्धी एएफडीबाट चान्सलरको उम्मेदवार बनेकी एलिस वाइडलले समर्थकहरूको बलमा आफ्नो दललाई दोस्रो बनाउन सफल भए पनि उक्त दलले अझै ठूलो जित अपेक्षा गरेको थियो। मत परिणामपछि उक्त दलको मुख्यालय शान्त देखिएको छ।

सोमबार लागेलगत्तै आएको मत परिणामअनुसार एएफडीले अन्य भागभन्दा देशको पूर्वी भागमा अरू दलभन्दा धेरै मत पाएको छ। सार्वजनिक प्रसारक संस्था जेडडीएफको सर्वेक्षणअनुसार यो दलले पूर्वी क्षेत्रमा ३४ प्रतिशतभन्दा बढी मत पाएको देखिएको छ।

यसैबीच, निर्वाचन परिणामपछि मतदाता तथा शुभचिन्तकहरूलाई सान्त्वना दिँदै एएफडीका चान्सलरका उम्मेदवार बाइडलले भने, 'मर्जको पार्टीले गठबन्धन सरकार बनाए पनि त्यो सफल हुने छैन।' उनले भने, 'जर्मनहरूले परिवर्तनका पक्षमा मतदान गरेका छन्। मलाई अर्को चार वर्ष पर्खनुपर्छ जस्तो लाग्दैन। हामी ताजा चुनावमा जान्छौं।'

पूर्वी क्षेत्रबाहेकका सबै स्थानमा अन्य दलभन्दा धेरै मत पाएको सीडीयूले आफ्नो दलबाट चान्सलर बनाउन अर्को एउटा पार्टीसँग गठबन्धन गर्नुपर्ने हुन्छ। हालका चान्सलर ओलाफ स्कोल्जको दल उक्त गठबन्धनमा सहभागी हुन सक्ने आकलन गरिएको छ।

# ई-गभर्नेन्स ब्लुप्रिन्ट कस्तो छ ?

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

सरकारले डिजिटल प्रविधिको माध्यमबाट सार्वजनिक सेवा प्रवाहका विद्यमान अवस्थाको रूपान्तरणकारी परिवर्तन गर्न ई-गभर्नेन्स ब्लुप्रिन्ट ल्याउँदै छ। ई-गभर्नेन्स ब्लुप्रिन्ट मस्यौदामा सार्वजनिक सेवालाई डिजिटल रूपान्तरणमार्फत अनुभूतियोग्य, चुस्त, पारदर्शी, जवाफदेही तथा प्रभावकारी बनाउनु ब्लुप्रिन्टको मूल उद्देश्य रहेको उल्लेख छ।

डिजिटल प्रणालीका लागि आवश्यक डिजिटल पूर्वाधार निर्माण गर्नु, डिजिटल सेवा प्रदान गर्न आवश्यक नीतिगत र कानुनी संरचना तयार गर्नु, संस्थागत क्षमता विकास गरी सम्पूर्ण शासकीय मामिलालाई डिजिटल माध्यमबाट सम्बोधन गर्नुपर्ने उद्देश्य छ। डिजिटल गभर्नेन्ससँग सम्बन्धित नवप्रवर्तन, अनुसन्धान र विकासका कार्य सञ्चालन तथा सहजीकरण गर्नु यसको उद्देश्य छ।

सरकारले ल्याउँदै गरेको मस्यौदा साझा पूर्वाधार एवं मानकको विकास, सवलीकरण एवं प्रयोगको प्रबर्द्धनमार्फत छरिएर रहेका ई-गभर्नेन्सका योजनाको प्राविधिक जटिलता एवं व्यवस्थापनलाई सहज बनाउनुका साथै विकसित डिजिटल प्रणालीलाई एकीकृत गर्न तथा अन्तरआबद्धता




सुनिश्चित गर्न प्राथमिकता दिइने उल्लेख छ।

प्रस्तावित मस्यौदाअनुसार सेवाग्राहीको विवरण, सूचना तथा संकेत सेवाप्रदायक निकायले एकपटक विधिवत रूपमा संकलन गरेपछि पटक-पटक नगरिने 'एकपटक मात्र सिद्धान्त तथा अन्य नवप्रवर्तन प्रस्तावित मस्यौदाअनुसार अवलम्बन गर्दै संकलित विवरण, सूचना, संकेतको पुन:प्रयोग तथा आदानप्रदानमार्फत सेवा प्रवाहलाई सरल बनाइनेछ।'

ई-गभर्नेन्ससम्बन्धी योजना परिकल्पना तथा निर्माण चरणबाट नै डाटाको सुरक्षा तथा गोपनियताको हक सुनिश्चित गर्ने अवधारणा अवलम्बन गरिने मस्यौदामा उल्लेख छ।

प्रस्तावित मस्यौदाअनुसार ई-गभर्नेन्स परियोजना तथा प्रयासमा देशको दिगो विकास र आवधिक योजनाका लक्ष्य तथा नीतिगत व्यवस्थासँग सामञ्जस्यता सुनिश्चित गरिनेछ।

डिजिटल माध्यमबाट प्रदान गरिने सेवाको सर्वसुलभ पहुँचको सुनिश्चितता गरिने मस्यौदामा उल्लेख छ। ई-गभर्नेन्ससम्बन्धी योजना निर्माण तथा कार्यान्वयन गर्दा खुला डाटा र खुला सरकारको सैद्धान्तिक तथा व्यावहारिक पक्ष सम्बोधन गरिने मस्यौदामा भनिएको छ। ई-गभर्नेन्सको विकास, विस्तार र संस्थागत गर्दै दिगोपना हासिल गर्न राष्ट्रिय क्षमता विकास लागि सरकारी, निजी तथा प्राज्ञिक क्षेत्रको प्रत्यक्ष संलग्नतामा नवप्रवर्तन र अनुसन्धानलाई जोड दिइने उल्लेख छ।

यी सिद्धान्तको प्रयोग गर्दा क्लाउड पूर्वाधार निर्माण तथा प्रयोगको प्रबर्द्धनको प्राथमिकीकरण र राष्ट्रिय परिचयपत्रको प्रयोग अनिवार्य गरिने उल्लेख छ। ब्लुप्रिन्टको उद्देश्य कानुनी तथा प्राविधिक संसाधनको यथोचित विकास एवं संयोजक गर्दै सरकारका तीन तहमा सेवा प्रवाह तथा सुशासनमा नवप्रवर्तनको वातावरण सिर्जना गरी छरिएर रहेका प्रयासलाई एकीकृत गर्नु रहने बताइएको छ।

» बाँकी पृष्ठ ६

# ट्रम्पले 'फ्रड' भनेका कार्यक्रम छलफलको चरणमा मात्रै

**ममता थापा** | *काठमाडौं*

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले फेब्रुअरी १८ (फागुन ६ गते) पत्रकार सम्मेलनमा भने, 'नेपालमा वित्तीय संघीयताका लागि २० मिलियन डलर ? जैविक विविधता संरक्षणका लागि १९ मिलियन डलर ? यो संख्या सुन्नुहोस्! यो सबै ठगी हो।' करिब २५ मिनेट ३९ सेकेन्डको भाषणका क्रममा ट्रम्पले नेपालमा लागि भइरहेका त्यस्ता सहयोग रोक्का गर्ने आशय व्यक्त गरेका थिए। तर, ट्रम्पले भनेका ती परियोजना कार्यान्वयनमा नभई छलफलका चरणमा मात्रै रहेको सरकारले जनाएको छ।

अर्थ मन्त्रालयले सोमबार विज्ञप्ति प्रकाशित गरी ट्रम्पले फ्रड भनेका कार्यक्रमका कार्यान्वयनमा नभई केवल छलफलको चरणमा रहेको जनाएको छ। अमेरिकी सहयोग नियोग (यूएसएआईडी) का जैविक विविधता, प्रदेश एवं स्थानीय शासन सुदृढीकरण कार्यक्रम र जलवायु उत्थानशील नगरपालिका सेवा कार्यक्रम (तीनवटा परियोजना) थिए। तर, ती छलफलका क्रममै रहेको मन्त्रालयको दाबी छ। मन्त्रालयले डिजाइनको क्रममा रहेका




उल्लेखित कार्यक्रमहरूका लागि सम्झौता नभइसकेको हुँदा कुनै सहयोग प्राप्त नभएको प्रष्ट्याएको छ।

ट्रम्पले नेपाललाई दिएका केही अनुदानका कार्यक्रमलाई 'फ्रड' को संज्ञा दिएपछि त्यसबारे सामाजिक सञ्जालदेखि सदनमा प्रश्न उठे। अर्थ मन्त्रालयले ती कार्यक्रमको सम्झौता नेपालसँग नभइसकेको हुँदा सहयोग प्राप्त नभएकाबारे सरोकारवालाहरूको ध्यानाकर्षण गरेको छ। मन्त्रालयका अनुसार जैविक विविधता, प्रदेश एवं स्थानीय शासन सुदृढीकरण कार्यक्रम र जलवायु उत्थानशील नगरपालिका सेवा कार्यक्रम गरी तीनवटा कार्यक्रमहरू डिजाइनको क्रममा रहेकोमा उक्त आदेशबाट यी कार्यक्रमहरूसमेत रोकिएको अवस्था छ।

डिजाइनको क्रममा रहेका उल्लेखित कार्यक्रमहरूका लागि सम्झौता नभइसकेको हुँदा कुनै सहयोग प्राप्त नभएको व्यहोरा जानकारी गराउन मन्त्रालयले विज्ञप्ति जारी गर्नुपरेको अर्थ प्रवक्ता श्यामप्रसाद भण्डारीले बताए। 'विगत केही दिनदेखि अमेरिकी सहयोग नियोगबाट सञ्चालित कार्यक्रमहरूको सम्बन्धमा सञ्चार माध्यम तथा सामाजिक सञ्जालहरूमा आएका समाचार र टिप्पणीप्रति यस मन्त्रालयको ध्यानाकर्षण भएको हो,' उनले भने, 'नेपालको आर्थिक, सामाजिक तथा पूर्वाधार क्षेत्रको विकासमा मित्रराष्ट्र संयुक्त राज्य अमेरिकाले विगत लामो समयदेखि सहयोग गर्दै आएको छ।

» बाँकी पृष्ठ ६